**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा कर्तव्य पथमा नवनिर्मित कर्तव्य भवनको उद्घाटन गर्नुहुनेछ। यस अवसरमा प्रधानमन्त्रीले एक सार्वजनिक कार्यक्रमलाई पनि सम्बोधन गर्नुहुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी र फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड रोमुआल्डेज मार्कोस जुनियरले आज नयाँ दिल्लीमा उच्च प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नु हुनेछ।

३. आज बिहान नयाँ दिल्लीमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन - एनडीए संसदीय दलको महत्वपूर्ण बैठक हुनेछ।

४. युक्रेन संघर्षपछि रूसबाट तेल आयातलाई लिएर अमेरिका र युरोपेली संघले भारतलाई लक्षित गर्नु पूर्णतया अनुचित र असंगत रहेको विदेश मन्त्रालयले बताएको छ।

५. भारतले तेन्दुलकर-एन्डरसन ट्रफीको पाँचौं तथा अन्तिम क्रिकेट टेस्ट म्याचमा ६ रनको रोमाञ्चक जित दर्ता गर्दै शृङ्खला २-२ को बराबरीमा समाप्त गरेको छ।

**प्रधानमन्त्री - कार्तव्य भवन**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा कार्तव्य पथमा नवनिर्मित कार्तव्य भवनको उद्घाटन गर्नुहुनेछ। यस अवसरमा प्रधानमन्त्रीले एक सार्वजनिक कार्यक्रमलाई पनि सम्बोधन गर्नुहुनेछ। कार्तव्य भवन सेन्ट्रल भिस्टा परियोजनाको एक हिस्सा हो। यो भवन प्रशासनिक प्रक्रिया र शासनलाई सुव्यवस्थित गर्ने उद्देश्यले भविष्यमा निर्माण गरिने केन्द्रीय सचिवालय भवनहरूमध्ये पहिलो हो।प्रधानमन्त्री कार्यालयले एक विज्ञप्तिमा भनेको छ कि कर्तव्य भवन निर्माणको उद्देश्य विभिन्न मन्त्रालय र विभागहरूलाई एकसाथ ल्याएर दक्षता, नवीनता र सहकार्यलाई प्रवर्द्धन गर्नु हो। हाल, विभिन्न मन्त्रालय र विभागहरू राजधानी दिल्लीका विभिन्न क्षेत्रमा अवस्थित छन्। कार्तव्य भवन लगभग डेढ लाख वर्ग मीटर क्षेत्रफलमा फैलिएको आधुनिक कार्यालय परिसर हो। प्रधानमन्त्री कार्यालयले यो भवन प्रधानमन्त्रीले परिकल्पना गरेको आधुनिक, कुशल र नागरिक-केन्द्रित शासनप्रति सरकारको प्रतिबद्धताको प्रमुख उपलब्धि साबित हुने बताएको छ।

**प्रधानमन्त्री - फिलिपिन्सका राष्ट्रपति**

प्रधानमन्त्री नरेन्द्र मोदी र फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड रोमुआल्डेज मार्कोस जुनियरले आज नयाँ दिल्लीमा उच्च प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नु हुनेछ। श्री मार्कोस भारतको पाँच दिने आधिकारिक भ्रमणमा हुनुहुन्छ।
वार्ताका क्रममा भारत र फिलिपिन्सबीचको द्विपक्षीय सम्बन्धका सबै पक्षहरूको समीक्षा गरिनेछ। विशेष गरी व्यापार र लगानी, रक्षा र सुरक्षा, समुद्री सहयोग, कृषि, स्वास्थ्य, औषधि र डिजिटल प्रविधिको बारेमा छलफल गरिनेछ। दुई देशबीच विभिन्न क्षेत्रहरूमा धेरै सम्झौताहरूमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ। आर्थिक सम्बन्ध भारत र फिलिपिन्सबीचको द्विपक्षीय सम्बन्धको एक महत्त्वपूर्ण पक्ष हो।

**बाइट**

**एनडीए - बैठक**

आज बिहान नयाँ दिल्लीमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन - एनडीए संसदीय दलको महत्वपूर्ण बैठक हुनेछ। एनडीएका लोकसभा र राज्यसभा सांसदहरू बैठकमा सहभागी हुनेछन्। बिहारमा मतदाता सूचीको विशेष गहन संशोधनको मुद्दामा छलफल गर्न विपक्षी दलहरूको मागलाई लिएर संसदमा गतिरोधको बीचमा यो बैठक आयोजना गरिएको हो। विपक्षी दलहरूले विशेष गहन संशोधन फिर्ता लिन माग गरिरहेका छन्। लोकसभामा विपक्षी दलहरूको प्रदर्शनका कारण हिजो राष्ट्रिय खेलकुद प्रशासन विधेयक २०२५ र राष्ट्रिय डोपिङ विरोधी (संशोधन) विधेयक २०२५ मा छलफल हुन सकेन। संसदीय मामिला मन्त्री किरेन रिजिजुले भन्नु भयो, कार्य सल्लाहकार समितिको बैठकमा राष्ट्रिय खेलकुद प्रशासन विधेयक र राष्ट्रिय डोपिङ विरोधी (संशोधन) विधेयकमाथि छलफल गर्ने निर्णय गरिएको छ। उहाँले विपक्षी दलहरूको आचरणको निन्दा गर्नु भयो र सदस्यहरूलाई सदनको समय खेर नफाल्न अपील गर्नु भयो। श्री रिजिजुले भन्नु भयो, मनसुन सत्रको तेस्रो हप्ता सुरु भएको छ र विपक्षी दलहरूले निरन्तर कार्यवाही अवरुद्ध गरिरहेका छन्। केन्द्रीय खेलकुद मन्त्री मनसुख मांडवियाले यो विधेयक अत्यन्तै महत्त्वपूर्ण भएको बताउनु भएको छ। उहाँले सदनलाई विधेयकमाथि छलफल गरी पारित गर्न आग्रह गर्नु भयो।पीठासीन अधिकारी तथा भारतीय जनता पार्टीका सांसद जगदम्बिका पालले पनि सदस्यहरूलाई विधेयकमाथि छलफल शुरु गर्न आग्रह गर्नु भयो। उहाँले भन्नु भयो, मनसुन सत्र शुरु भएदेखि सदनमा कुनै पनि विधेयक पारित भएको छैन।

**मातृ वन्दना योजना दर्ता**

महिला तथा बाल विकास मन्त्रालयले प्रधानमन्त्री मातृ वन्दना योजनाको लागि विशेष दर्तालाई यस महिनाको १५ तारिखसम्म विस्तार गरेको छ। आंगनवाडी र आशा कार्यकर्ताहरूद्वारा घर-घरमा जागरूकता र नामांकन अभियानको उद्देश्य सबै गर्भवती र स्तनपान गराउने आमाहरूसम्म पुग्नु र योजना अन्तर्गत उनीहरूको समयमै दर्ता सुनिश्चित गर्नु हो। यो योजनाले गर्भवती र स्तनपान गराउने आमाहरूलाई पौष्टिक खानाको लागि आर्थिक सहयोग प्रदान गर्दछ र उनीहरूलाई उचित स्वास्थ्य सेवाको बारेमा सचेत गराउँछ। यसले बालिकाहरूप्रति सकारात्मक सोचलाई पनि प्रोत्साहन गर्छ। मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, योजना शुरु भएदेखि १९ हजार करोड रुपियाँभन्दा बढी रकम चार करोडभन्दा बढी लाभार्थीहरूलाई उनीहरूको बैंक खाता वा डाक कार्यालय खातामा प्रत्यक्ष लाभ स्थानान्तरणमार्फत पठाइएको छ।

**रक्षा मन्त्रालय-रिपोर्ट**

रक्षा मन्त्रालयले पहलगाम आतंकवादी हमलाका आक्रमणकारीहरूको पहिचान र पृष्ठभूमिको बारेमा कुनै पनि रिपोर्ट जारी गर्न अस्वीकार गरेको छ। मन्त्रालयको यो बयान सामाजिक सञ्जालमा आएका रिपोर्टहरूपछि आएको हो। मन्त्रालयले भनेको छ, सशस्त्र बलको जनसम्पर्क कार्यालय वा कुनै पनि अधिकृत प्रवक्ताले यस्तो कुनै टिप्पणी गरेको छैन। मन्त्रालयले भनेको छ, यो रिपोर्ट मुठभेडपछि विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीमा आधारित हुन सक्छ।

**भारत-उड्डयन बजार**

भारत विश्वको पाँचौं ठूलो उड्डयन बजारको रूपमा देखा परेको छ। गत वर्ष लगभग २४ करोड १० लाख यात्रीहरुले हवाई यात्रा गरेका थिए र मुम्बई-दिल्ली सबैभन्दा व्यस्त विमानस्थल थिए। यो जानकारी २०२४ मा अन्तर्राष्ट्रिय विमानस्थल यातायात संघले विश्व हवाई यातायातको बारेमा जारी गरेको तथ्याङ्कमा दिइएको छ। गत वर्ष भारतमा हवाई यात्रीको संख्या २०२३ को तुलनामा ११ प्रतिशतभन्दा बढीले बढेको छ। यस सन्दर्भमा, भारत जापानभन्दा पनि अगाडि थियो, जहाँ २० करोड ५० लाख यात्रीले हवाई यात्रा गरेका थिए। अमेरिका ८७ करोड ६० लाख यातत्रीसहित विश्वको सबैभन्दा ठूलो उड्डयन बजार थियो। चीन ७४ करोड १० लाख यात्रीसहित दोस्रो स्थानमा थियो र ब्रिटेन २६ करोड १० लाख यात्रीसहित तेस्रो स्थानमा थियो। यो संख्यामा अन्तर्राष्ट्रिय र घरेलु हवाई यात्रा गर्ने सबै यात्रुहरू समावेश छन्। मुम्बई-दिल्ली दश व्यस्त विमानस्थलहरूमध्ये सातौं स्थानमा थियो जहाँबाट गत वर्ष पचास लाख 90 हजार मानिसहरूले हवाई यात्रा गरेका थिए। गत वर्ष, विश्वको सबैभन्दा व्यस्त विमानस्थलहरूमध्ये शीर्ष स्थानमा रहेको जेजु-सियोल मार्गबाट १ करोड ३२ लाख मानिसहरूले यात्रा गरेका थिए।

**विदेश मन्त्रालयले तेल आयात**

युक्रेन संघर्षपछि रूसबाट तेल आयातलाई लिएर अमेरिका र युरोपेली संघले भारतलाई लक्षित गर्नु पूर्णतया अनुचित र असंगत रहेको विदेश मन्त्रालयले बताएको छ। मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ कि कुनै पनि प्रमुख अर्थतन्त्र जस्तै भारत पनि आफ्नो राष्ट्रिय हित र आर्थिक सुरक्षाको लागि सबै आवश्यक उपायहरू लिन स्वतन्त्र छ। मन्त्रालयले भनेको छ कि युक्रेन संघर्ष शुरु भएपछि तेलको परम्परागत आपूर्ति अवरुद्ध भएको थियो, त्यसैले भारतले रूसबाट तेल आयात गर्न थाल्यो। मन्त्रालयले भनेको छ कि त्यस समयमा अमेरिकाले विश्वव्यापी ऊर्जा बजारको बलियोपन र स्थिरताको लागि भारतको आयातलाई समर्थन गरेको थियो। मन्त्रालयले जोड दियो कि भारतको आयातको उद्देश्य भारतीय उपभोक्ताहरूलाई निश्चित र सस्तो उपलब्धता सुनिश्चित गर्नु हो। विश्व बजारको अस्थिर अवस्थालाई ध्यानमा राख्दै यो गर्नु आवश्यक छ। मन्त्रालयले भनेको छ कि भारतको आलोचना गर्ने देशहरूले पनि रूससँग व्यापार गरिरहेका छन्, जबकि उनीहरूको राष्ट्रिय हितको लागि त्यसो गर्नु अनिवार्य पनि छैन।मन्त्रालयले भनेको छ कि अमेरिकाले आफ्नो परमाणु उद्योगको लागि युरेनियम, विद्युतीय सवारी साधन उद्योगको लागि प्यालेडियम र रूसबाट मल र रसायनहरू आयात गर्दै आएको छ। मन्त्रालयले भनेको छ कि गत वर्ष रूससँग यूरोपीय संघको व्यापार 67 अरब 50 करोड़ डलरको थियो। यो त्यस वर्ष रूससँग भारतको जम्मा व्यापारभन्दा बढी हो।मन्त्रालयले थप भनेको छ, युरोप र रूसबीचको व्यापारमा ऊर्जा मात्र नभई मल, खानी उत्पादन, रसायन, फलाम र इस्पात र मेशिनरी र यातायात उपकरणहरू पनि समावेश छन्।

**युद्ध अध्ययन केन्द्र - स्थापना दिवस**

ज्वाइन्ट सेन्टर फर वार स्टडीजले आज आफ्नो स्थापना दिवसमा पहिलो वार्षिक ट्राइडेंट व्याख्यान श्रृंखला शुरु गर्नेछ। यस अवसरमा रक्षा प्रमुख जनरल अनिल चौहानले उद्धाटन व्याख्यान दिनु हुनेछ। व्याख्यानको विषयवस्तु हुनेछ: "भविष्यको युद्ध क्षेत्रमा प्रभुत्व"।रक्षा मन्त्रालयले भनेको छ कार्यक्रमको मुख्य आकर्षण भारतको पपिलो **सीडीएस** जनरल बिपिन रावतलाई श्रद्धांजलि दिन्दै **मानव र मानवरहित उपकरणहरुमा समन्वय** विषय**मा** उनको आलेखको विमोचन हुनेछ।वरिष्ठ सैन्य अधिकारीहरूले भविष्यका युद्धहरूमा भारतीय विरासत रणनीतिहरू अपनाउने र तीन सेवाहरूमा सुधारको तत्काल आवश्यकता जस्ता विभिन्न विषयहरूमा व्याख्यान दिनेछन्।

**उत्तर प्रदेश-बाढी**

उत्तर प्रदेशमा निरन्तर वर्षाका कारण धेरै नदीहरूको पानीको सतह खतराको चिन्हभन्दा माथि पुगेको छ। राज्यका 17 जिल्लाहरूमा बाढीको खतरा छ। मुख्यमन्त्री योगी आदित्यनाथको निर्देशनपछि, राज्यभर बाढी राहत र उद्धारका उपायहरू तीव्र पारिएको छ।

**बाइट**

**क्रिकेट-भारत**

भारतले ओभलमा भएको तेन्दुलकर-एन्डरसन ट्रफीको पाँचौं तथा अन्तिम क्रिकेट टेस्ट म्याचमा आयोजक इङ्ल्यान्डमाथि ६ रनको रोमाञ्चक जित दर्ता गर्‍यो र शृङ्खला २-२ को बराबरीमा समाप्त भएको छ। ३७४ रनको लक्ष्यको जवाफमा इङ्ल्यान्डले म्याचको पाँचौं तथा अन्तिम दिन दोस्रो इनिङ ६ विकेटमा ३३९ रनबाट सुरु गर्‍यो र सम्पूर्ण टोली ३६७ रनमा अलआउट भयो। भारतका लागि, तेज गतिका बलर मोहम्मद सिराजले पाँच विकेट र प्रसिद्ध कृष्णले चार विकेट लिए। यस म्याचमा, सिराजले दुवै इनिङमा जम्मा नौ विकेट लिए। उनलाई प्लेयर अफ द म्याच घोषित गरियो। भारतीय कप्तान शुभमन गिल र इङ्ल्यान्डका ब्याट्सम्यान ह्यारी ब्रुक संयुक्त रूपमा प्लेयर अफ द सिरिज चुनिए।भारतले पहिलो इनिङमा २२४ रन बनाएको थियो, जवाफमा, इङ्ल्यान्डले पहिलो इनिङमा २४७ रन बनाएको थियो र २३ रनको अग्रता लिएको थियो। दोस्रो इनिङमा, भारतले ३९६ रन बनाएको थियो र इङ्ल्यान्डलाई ३७४ रनको लक्ष्य दिएको थियो।